बुढीगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हात्तिमुडा, मोरङ
कोशी प्रदेश नेपाल

**विषय :-आ. व. २०८०।२०८१ को लागि बुढीखोला बाट माटो र भरौट बिकि कर संकलन ठेक्का बन्दोबस्ती सम्बन्धी शिलबन्दी बोलपत्र पेश गर्ने आव्हानको सूचना।**

सूचना प्रकाशित मिति २०८०।०३।१३

**(बिद्युतीय खरिद प्रणाली (e-GP) बाट मात्र)**

आ.व. २०८०।२०८१ को लागि बुढीखोला बाट माटो र भरौट बिकि कर संकलन देहाय बमोजिमको आन्तरिक आय सम्बन्धि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यस गाउँपालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म, कम्पनी तथा व्यक्तिहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरि बिकिकर संकलन गर्नका लागि यस गाउँपालिकाबाट जारी गरिएको तपसिल बमोजीमको बोलपत्र फारम दस्तुर तिरी (फिर्ता नहुने गरी) खरिद गरी तोकिएको म्याद भित्रमा **बिद्युतीय खरिद प्रणाली (e-GP)** बाट मात्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :-

| बिक्री कर संकलन गर्ने खोलाको नाम. | उठाउन पाउने क्षेत्र | बार्षिक उठाउन पाउने परिणाम घ.मी. | प्रति क्यु फिट रु. (भ्याट बाहेक) | न्यूनतम ठेक्का अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| बुढीखोला | बुढीखोला नाका बाटः माटो र भरौट<br>बानरझुल्ला नाका ६४६२ घ.मी.<br>भवानीपुरघाट ख नाका बाट १६३७५घ.मी. बौराहा कालिस्थान नाका बाट १२३८८ घ.मी.<br>अमाही घाट नाका बाट ६२७० | ४१४९५ घ.मी.माटो र भरौट | माटो र भरौट प्रति क्यु फिट रु.३।७५ | ५४,९५,२३५।०० |

**शर्तहरुः-**

१. बोलपत्र खरिद गर्न इच्छुक ब्यबसायी, फर्म कम्पनीहरुले मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी , आ.व. २०७९।०८० सम्मको फर्म दर्ता नविकरण, आ.व. ०७८।०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र मु.अ.करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी साथ मिति २०८०।०४।१२ गते दिनको १२.०० बजे सम्ममा शिलबन्दी बोलपत्रहरु **बिद्युतीय खरिद प्रणाली (e-GP)** PPMO's Website www.bolpatra.gov.np/egp बाट मात्र खरिद गरी दर्ता गरी सक्नुपर्नेछ। तोकिएको समय भित्र प्राप्त बोलपत्रहरु सोहि दिन दिनको १.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस गा.पा.का प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन। बोलपत्र खरिद गर्ने ,दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिन लाई अन्तिम दिन मानिनेछ।

२. बोलपत्र फारम खरिदको लागी बुढीगंगा गांऊपालिकाको नाममा रहेको एन.आई.सी.एशिया बैक लिमिटेड पुष्पलालचौक शाखा कार्यालय बिराटनगरको आन्तरिक राजस्व खाता न ०६९२०५९५०११७५००२ मा र बोलपत्रदाताले कबोल अंक (भ्याट सहित) को ५ प्रतिशतले हुन आउने रकम धरौटी बापत यस कार्यालयको एन.आई.सी एसिया बैंक लि. पुष्पलालचौक शाखा कार्यालय बिराटनगर मा रहेको धरौटी खाता नं. ६९CA५०११७५५२४००६ मा जम्मा गरेको सक्कलै भौचरहरु पिडियफ फरमेटमा स्क्यान गरी वा बोलपत्र पेश गर्ने अन्तिम दिन देखी कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैक वा बित्तिय संस्था बाट बैंक ग्यारेन्टी (बिड बण्ड) पिडियफ फरमेटमा स्क्यान गरी पेश गर्नुपर्ने छ।

३. प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर तथा शुल्कहरु बोलपत्रदाता स्वयंले तिर्नुपर्ने छ। स्विकृत बोलपत्रदाताले कार्यालयमा बुझाउनुपर्ने सम्पूर्ण रकम र कर चुक्ता गरेको प्रमाणपत्र पेश गरेपछी मात्र धरौटी रकम फिर्ता दिइनेछ। अन्यको हकमा सम्झौता भएपछि धरौटी रकम फिर्ता दिइनेछ।

४. माटो र भरौट को प्राकृतिक श्रोत संकलन तथा बिक्री शुल्कको दररेट बोलपत्र फारममा संलग्न गरिए बमोजीम हुनेछ।

५. आ.व. २०८०।२०८१ को लागि खोला बिक्री कर संकलन मिति २०८० साल असोज ०१ गते देखि मिति २०८१ साल जेष्ठ मसान्त सम्म हुनेछ

६. बोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट, मिनाहा वा माफी दिईने छैन।

प्रमुख प्रशासकीय अधिकृत

७. बोलकबोल अंकको रकम सम्झौता गर्ने समयमा एकमुष्ट रकम बुझाएमा १०% छुट दिईनेछ । एकमुष्ट रकम नबुझाएमा छुट दिईनेछैन । बैंकमा नगद जम्मा गर्दा एन.आइ.सी.एसिया बैंक लि.मा रहेको यस गाउँपालिकाको आन्तरिक राजस्व खाता न ०६९२०५९५०११७५००२ मा जम्मा गर्नुपर्नेछ र संझौता गर्दाको समयमा ४० प्रतिशत रकम नगदै बुझाउनुपर्नेछ र बांकी ६० प्रतिशत रकम पनि नगदै वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त वाणिज्य बैंक वा बित्तिय संस्था बाट मिति २०८१ असार मसान्त सम्म मान्य अवधि भएको कार्य सम्पादन जमानत पत्र (परफरमेन्स बण्ड ) अनिबार्य रुपमा पेश गरेपछि मात्र संझौता गरिनेछ । ४० प्रतिशत मात्र रकम जम्मा गरेर कार्य सम्पादन जमानत पत्र (परफरमेन्स बण्ड ) पेश नगरेमा संझौता गरिनेछैन ।

८.बोलपत्रदाताबाट बोलपत्रमा कबोल अंक र अक्षरमा लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा सही छाप भएको हुनुपर्नेछ ।

९. म्याद नाघि वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

१०.प्रदेश सरकारले निर्धारण गरेको दररेट भन्दा बढी असुल उपर गरेमा नियमानुसार कारर्बाही भई ठेक्का रद्द समेत गर्न सकिनेछ ।

११.ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र संझौतामा उल्लेखित शर्त बमोजीम हुनेछ ।

१२. गाउंपालिका तथा ठेकेदार बीच कुनै किसिमको मत भिन्नता भएमा गाउंपालिकाको निर्णय लाई अन्तिम निर्णय मानिनेछ ।

१३.नदी वा खोला उत्खनन तथा संकलन गर्न हेभी ईकुमेन्ट प्रयोग गर्न पाईनेछैन ।

१४. माटो र भरौट को प्राकृतिक श्रोत संकलन तथा बिक्री शुल्क असुल गर्दा प्राकृतिक धारा,किनाराघाट,कुलेसा,लोकमार्ग तथा सार्बजनिक स्थल लाई क्षति नपुग्ने गरी पुलको ५ सय मीटर उत्तर, दक्षिण, पुर्व र पश्चिम छाडेर मात्र उठाउन पाईनेछ ।

१५. नदीजन्य पदार्थ संकलन तथा उत्खनन गर्ने सडकहरुमा सामान्य खाल्डाखुल्डी भएमा ठेकेदारले मर्मत गर्नुपर्नेछ र कच्ची सडकको घुलो नियन्त्रणको लागी समय समयमा पानी छिट्ने कार्य ठेकेदारले नै गर्नुपर्नेछ र सो बापतको खर्च दाबी गर्न पाईनेछैन ।

१६. यस गाउँपालिकाको हितलाई मध्यनजर गरी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै शर्त सहितको बोलपत्र स्वीकृत हुनेछैन ।

१७. ठेक्का सम्बन्धी विस्तृत जानकारी यस गाउँपालिकाको कार्यालय हात्तिमुडा मोरङ्गमा आई बुझ्न सकिनेछ । अथवा गा.पा.को website www.budhigangamunmorang.gov.np मा हेर्न सकिनेछ ।

१८.ठेक्का लिई रकम संकलन गर्ने क्रममा कुनै किसिमको दुर्घटना भएमा बोलपत्रदाता स्वयं सो को जवाफदेही हुनुपर्नेछ ।

१९.ठेक्का सम्बन्घि रसिद हरु ठेकेदार आफैले छपाई कार्यालय बाट प्रमाणीत गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणीत नगराई उठाईएको पाईएमा नियमानुसार कारर्बाही गरिनेछ ।

२०.यस सुचनामा उल्लेख नभएका कुरा हरु स्थानीय सरकार संचालन ऐन २०७४,सार्बजनिक खरिद ऐन २०६३ (संशोघन सहित ), सार्बजनिक खरिद नियमावली २०६४ (संशोघन सहित ) र प्रचलित ऐन कानुन बमोजीम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत